बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८१/८२
च.नं.२०८१/८२-००-०१३९४

मितिः २०८१-१२-१०
ने.सं.: ११४५ चिल्लागा ९ आइतवार

जो जससँग सम्बन्ध राख्दछ।

**विषयः रिक्त पदमा स्थायी सरुवा सम्बन्धी सूचना ।**

उपर्युक्त विषयमा बाजुरा जिल्ला बडीमालिका नगरपालिका वडा नं ८ स्थित श्री मालिका माध्यमिक विद्यालयमा रिक्त माध्यमिक तह विज्ञान विषयको तृतीय श्रेणी शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइ दिन भनी विद्यालयको च नं २५० मिति २०८१/१२/१० गतेको प्राप्त पत्रबाट अनुरोध भइ आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा आफू कार्यरत भएको विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

.................................
पदम बहादुर माझी
प्रमुख प्रशासकीय अधिकृत

नोटः १) तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना malikassbjr@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिने छ।
२) म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कार्वाही हुने छैन।

बोधार्थः
श्री शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर।
श्री शिक्षा विकास तथा समन्वय इकाइ मार्तडी, बाजुरा।
श्री मालिका माध्यमिक विद्यालय बडीमालिका न. पा. ८ मार्तडी, बाजुरा।

Email Address: info@badimalikamun.gov.np, badimalikamunicipality@gmail.com Phone No: 097541285
Website: badimalikamun.gov.np



CamScanner